नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चितवन

फोनः ०५६-५२१९४४
०५६-५२०१९८
०५६-५२०१०५
०५६-५३३७३०
फ्याक्स ०५६-५२०७४७

मितिः २०७८।०१।०९

## जिल्ला प्रशासन कार्यालय चितवनको अनुरोध ।

विश्वव्यापी रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण यस जिल्लामा समेत बढ्दै गएको छ ।सो संक्रमणको रोकथाम तथा नियन्त्रण गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८ वैशाख ६ गतेको निर्णय बमोजिम भएको आदेशलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सन्दर्भमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन कैन्द्र (DCCMC) चितवनको मिति २०७८ वैशाख ७ गतेको बैठकबाट भएका निम्नानुसारका निर्णय कार्यान्वयन तथा पालना गर्नु गराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ । उक्त निर्णयको प्रतिकुल हुने कार्य गरे गराइएको पाइएमा संक्रमक रोग ऐन, २०२० बमोजिम कारवाही तथा सजाय हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसील

१. यस जिल्लाको भरतपुर महानगरपालिकामा रहेका शैक्षिक संस्था (विद्यालय, कलेज, टयुशन सेन्टर, तालिम केन्द्र) मा संवत् २०७८ साल बैशाख मसान्तसम्म भौतिक रुपमा उपस्थित नभई भर्चुअल वा वैकल्पिक शिक्षण सिकाइका विधिहरु अपनाई शैक्षिक गतिविधि सञ्चालन गर्ने ।

२. विद्यालय र कलेजका पूर्व निर्धारित परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने । साथै सबै स्थानीय तहमा रहेका विद्यालयहरुले नेपाल सरकारले निर्धारण गरेका जनस्वास्थ्यका मापदण्डको पालना र आलोपालो (Sift) निर्धारण गरी SEE बाहेक विद्यालय तहका सबै परीक्षाहरु २०७८ बैशाख मसान्त भित्र सम्पन्न गर्ने ।

३. सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल बैशाख मसान्तसम्म बन्द गर्ने ।

४. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल बैशाख मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने ।

५. सपिङ मल,डिपार्टमेण्टल स्टोर सञ्चालन गर्दा एक पटकमा पच्चीस जना भन्दा बढी मानिस हुन नहुने, कुनै पनि सामान अनावश्यक नछुने, दुई व्यक्तिको बीचमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने व्यवस्था गर्ने । जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा सञ्चालनको हुने छ।

खमराज पौड

६. मेला, महोत्सव, जात्रा, पर्व, विवाह, व्रतबन्ध, पास्नी, व्रतवन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा पच्चीस जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने । विवाह वा व्रतवन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नु पर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिई पच्चीस जनामा नबढ्ने गरी गर्ने ।

७. सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा बैठक, तालिम, प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

८. सार्वजनिक यातायात सञ्चालन गर्दा सवारी साधनमा सिट क्षमता भन्दा बढि यात्रु नराख्ने, सबै यात्रुलाई मास्क अनिवार्य गर्ने, सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने, चालक तथा सहचालकले मास्क र भाइजर अनिवार्य रुपमा लगाउनु पर्ने, सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्ने पर्ने, सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकहरुले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने, मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने, लामो दूरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (डिसिसिएमसि) लाई नियमित रुपमा उपलब्ध गराउने ।

९. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

१०. होटेल तथा रेष्टुरेण्टले बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने र सो समय पश्चात् टेकअवे र होम डेलिभरी मात्र उपलब्ध गराउने । होटेल तथा रेष्टुरेण्टका कामदारले अनिवार्य रुपमा मास्क, भाइजर र पञ्जा लगाउने, होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने, कम्तीमा दुई मिटरको भौतिक दुरी कायम गर्नु पर्ने, सेनिटाइजरको व्यवस्था गर्नु पर्ने, होटेल तथा रेष्टुरेण्टलाई नियमित रुपमा निसङ्क्रमित गर्नु पर्ने र होटेल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटेल तथा रेष्टुरेण्ट प्रवेश गर्न नदिने ।

११. राष्ट्रिय राजमार्गहरुमा सञ्चालित होटेल तथा रेष्टुरेण्टहरुले बुँदा नं. ११ बमोजिमका जनस्वास्थ्यका मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने ।

१२. सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

१३. नियमित रुपमा सञ्चालन हुनु पर्ने स्वास्थ्य सेवाहरु संचालन गर्दा जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित सञ्चालन गर्ने ।

१४. कोभिड-१९ को संक्रमण फैलना नदिन आम नागरिकहरुले देहाय बमोजिम गर्नु पर्ने छ ।

क) जनस्वास्थ्यका मापदण्डको पूर्ण रुपमा पालना गर्ने ।

ख) घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क बन्द डस्टबिन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछि मात्र विसर्जन गर्ने ।

ग) घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेको मास्क नफाल्ने ।

घ) विदेशबाट नेपालमा आउँदा वा निकट सम्पर्कमा रही कन्ट्याक्ट ट्रेसिङ्गमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा दश दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने ।

ङ) पी.सी.आर. परीक्षणका लागि प्रयोगशालामा स्वाब दिए पछि नतिजा नआएसम्म बाहिर हिँडडुल, भेटघाट र बैठक नगर्ने ।

च) स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने ।

छ) अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्वद्ध अन्य निकाय वा संस्थालाई यथाशीघ्र जानकारी गराउने ।

ज) होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने ।

झ) साठी वर्ष माथका नागरिक, दीर्घ रोग भएका व्यक्तिलाई घर बाहिर नजान अनुरोध गर्ने र जानै पर्ने अवस्था भएमा जनस्वास्थ्यका मापदण्ड पालना गरी गन्तव्यसम्म पुग्न र फर्किन सहजीकरण गर्ने ।

जिल्लामा कोभिड-१९ को संक्रमण फैलना नदिन तथा नेपाल सरकारबाट जारी आदेश पालना भए नभएको नियमित अनुगमनको व्यवस्था मिलाइएको छ । अनुगमनका क्रममा जनस्वास्थ्यका मापदण्ड पालना नगर्ने, भौतिक्/सामाजिक दूरी कायम नगर्ने तथा मास्क नलगाई हिडडुल गर्ने व्यक्तिहरुलाई सम्झाई बुझाई गर्ने, मास्क नलगाएका व्यक्तिहरुलाई मास्क लगाउन अनुरोध गर्ने, मास्क लगाउन तथा आदेशको पालना गर्न अटेरी गर्ने व्यक्तिहरुलाई जरीवाना तथा कारबाही गर्ने र तत्काल मास्क किन्न नसक्ने व्यक्तिहरुलाई निशुल्क मास्क वितरणको व्यवस्था मिलाई सकिएको व्यहोरा समेत अनुरोध छ ।

खमराज पौडेल
प्रमुख जिल्ला अधिकारी